**बैठक संख्या : ६**

आज मिति २०७९ साल असार १३ गते सोमबारका दिन बराहक्षेत्र नगरपालिका,नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री रमेश कार्कीज्यूको अध्यक्षतामा निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक नगर सभाहलमा बिहान ६:०० बजे बसी निम्न अनुसारका निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| १. नगर प्रमुख - श्री रमेश कार्की | अध्यक्ष |
| २. उप-प्रमुख - श्री नन्दकुमारी सुनुवार | सदस्य |
| ३. वडा अध्यक्ष, वडा नं. १ - श्री किसन थापा | सदस्य |
| ४. वडा अध्यक्ष, वडा नं. २ - श्री होम प्रसाद गौतम | सदस्य |
| ५. वडा अध्यक्ष, वडा नं. ३ - श्री राजदिप लामा तामाङ्ग | सदस्य |
| ६. वडा अध्यक्ष, वडा नं. ४ - श्री आशाराम चौधरी | सदस्य |
| ७. वडा अध्यक्ष, वडा नं. ५ - श्री रोहित काफ्ले | सदस्य |
| ८ वडा अध्यक्ष, वडा नं. ६ .- श्री उद्धव प्रसाद पोखरेल | सदस्य |
| ९.वडा अध्यक्ष, वडा नं. ७ - श्री कपिल आचार्य | सदस्य |
| १०.वडा अध्यक्ष, वडा नं. ८ - श्री रोशन खड्का | सदस्य |
| ११. वडा अध्यक्ष, वडा नं. ९ - श्री निरन्जन मण्डल चन्द्रवंशी | सदस्य |
| १२. वडा अध्यक्ष, वडा नं. १०- श्री तेज बहादुर गुरुङ्ग | सदस्य |
| १३. वडा अध्यक्ष, वडा नं. ११ - श्री कृष्ण कुमार महतो | सदस्य |
| १४.कार्यापालिका सदस्य - श्री मालती विश्वकर्मा | सदस्य |
| १५.कार्यापालिका सदस्य - श्री विष्णु कुमारी बिष्ट | सदस्य |
| १६. कार्यापालिका सदस्य -श्री दुर्गा राई | सदस्य |
| १७. कार्यापालिका सदस्य -श्री नविना वि.क. | सदस्य |
| १८.कार्यापालिका सदस्य -श्री भगवती कट्वाल खड्का | सदस्य |
| १९.कार्यापालिका सदस्य -श्री पंकजकुमार महतो | सदस्य |
| २०.कार्यापालिका सदस्य -श्री रत्नबहादुर रम्तेल सार्की | सदस्य |
| २१.कार्यापालिका सदस्य -श्री सुस्मा माझी | सदस्य |
| २२.प्रमुख प्रशासकीय अधिकृत- श्री खगेन्द्र गिरी | सदस्य-सचिव |

**आमन्त्रित**

१) लेखा अधिकृत श्री वीरेन्द्र यादब

२) प्रशासन शाखा प्रमुख श्री राजकुमार गौतम

३) सूचना प्रविधि अधिकृत श्री पुकार पोखरेल

**प्रस्तावहरु:**

१) अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२) आर्थिक बिधेयक-२०७९ सम्बन्धमा ।

३) राष्ट्रिय परिचयपत्र बितरण सम्बन्धमा ।

४) आवधिक योजना पारित गर्ने सम्बन्धमा ।

५) औद्योगिक ग्रामको प्रारम्भिक वातावरण परिक्षण सम्बन्धमा ।

**निर्णयहरु :**

१) प्रस्ताव नं १ उपर छलफल हुदाँ मिति २०७९/०३/०५ गते कार्यपालिका बैठकले गरेका २ देखि ४ सम्मका निर्णयहरु कार्यान्वन भईसकेको हुँदा समिक्षा गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं २ उपर छलफल हुदाँ वराहक्षेत्र नगरपालिकाको आगामी आ.व. २०७९/८० को आर्थिक बिधेयक राजश्व परामर्श समितिबाट सिफारिस भई आए बमोजिम नगरसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

३) प्रस्ताव नं ३ उपर छलफल हुदाँ राष्ट्रिय परिचयपत्र बितरणमा फोटो खिच्नका लागि खटि आएका कर्मचारीहरुलाई एकमुष्ट रु. ५०० का दरले दैनिक खाजा, खाना र आवासका लागि उपलब्ध गराउने निर्णय गरियो ।

४) प्रस्ताव नं ४ उपर छलफल हुदाँ वराहक्षेत्र नगरपालिकाको आवधिक योजना निर्माण गर्ने कार्यक्रम अन्तर्गत वराहक्षेत्र नगरपालिका र प्रदेश प्रशिक्षण केन्द्र बिचमा सम्झौता भई कार्य सम्पादन भईरहको सन्दर्भमा आवधिक योजना निर्माण कार्य दिग्दर्शन र सम्झौता बमोजिमको प्रक्रिया पुरा गरेकोमा उक्त आवधिक योजना सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

५)	प्रस्ताव नं ५ उपर छलफल हुदाँ वराहक्षेत्र नगरपालिका वडा नं ८ मा निर्माणाधिन औद्योगिक ग्रामको प्रारम्भिक वातावरण परिक्षणको प्रतिवेदन सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

वराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल